# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०७९/१२/२२

अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरु तथा कर्मचारीहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको एजेण्डाहरु माथी छलफल गरी निर्णय गरियो ।

तपसिलः

| क्र.स. | पद | नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश तिवारी | | |
| २ | उपाध्यक्ष | श्री सपना गुरुङ | | |
| ३ | सचिव | श्री उज्वल बहादुर बस्नेत | | |
| ४ | सदस्य | श्री रण बहादुर थापा | | |
| ५ | सदस्य | श्री धन बहादुर गुरुङ | | |
| ६ | सदस्य | श्री शोभाकान्त काफ्ले | | |
| ७ | सदस्य | श्री भुवान सिं गुरुङ | | |
| ८ | सदस्य | श्री बद्री प्रसाद पौडेल | | |
| ९ | सदस्य | श्री नारायण प्रसाद ढकाल | | |
| १० | सदस्य | श्री देवि लम्साल | | |
| ११ | सदस्य | श्री विन्दु जि.टी घर्ती | | |
| १२ | सदस्य | श्री प्रेम बहादुर नेपाली | | |
| १३ | सदस्य | श्री ज्योति के.सी ढकाल | | |
| १४ | सदस्य | श्री मिना सुनार | | |
| १५ | सदस्य | श्री राम बहादुर घर्ती | | |
| | | आमन्त्रीत | | |
| १६ | श्री सुदर्शन रेग्मी | लेखा अधिकृत | | |
| १७ | श्री कमल भण्डारी | क.अ. | | |
| १८ | श्री विष्णु सुवेदी | सूचना प्रविधि अधिकृत | | |
| | | | | |

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-
बैठक मिति २०७९/१२/२२

**एजेण्डाहरु:**

१. भू-उपयोग एवं बर्गीकरण सम्बन्धमा ।
२. विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा भू-उपयोग एवं बर्गीकरण तपसिल बमोजिमको मितिमा गर्ने सर्वसहमत निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | वडा नं. | मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | मिति २०७९/१२/२९ | |
| २ | वडा नं. २ | मिति २०७९/१२/२३ | |
| ३ | वडा नं. ३ | मिति २०७९/१२/२६ | |
| ४ | वडा नं. ४ | मिति २०७९/१२/२७ | |
| ५ | वडा नं. ५ | मिति २०७९/१२/३० | |
| ६ | वडा नं. ६ | मिति २०७९/१२/२८ | |

**निर्णय नं. २**

क. प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका वालवालिकाको हित तथा अधिकार सुरक्षको लागि स्थानीय वाल अधिकार समिति तपसिल बमोजिम हुने गरी गठन गर्ने सर्वसहमत निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| श्री राम बहादुर घर्ती | अध्यक्ष |
| श्री विष्णु क्षेत्री | सदस्य |
| श्री मिना सुनार | सदस्य |
| श्री शिक्षा शाखा प्रमुख | सदस्य |
| श्री स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| श्री अर्जुनचौपारी प्रहरी चौकी प्रमुख | सदस्य |
| श्री शान्ति ढकाल(बजार आमा समुह) | सदस्य |
| श्री अर्जुन काफ्ले (संचारकर्मी) | सदस्य |
| श्री अञ्जना पौडेल | सदस्य |
| श्री अभिशेक सुनार (विधार्थी) | सदस्य |

CamScanner

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-
बैठक मिति २०७९/१२/२२

श्री सम्भना काफ्ले (विधार्थी) सदस्य

श्री अनिता ढकाल सदस्य-सचिव

ख. प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ पुल्कोमुख स्थित कित्ता नं. ११३ मध्ये २ रोपनी सार्वजनिक जग्गा नेपाल सरकारको प्रचलित कानून र व्यवस्था अनुसार आवश्यक प्रकृया पुरा गरी दुग्ध विकास संस्थानलाई दुग्ध संकलन तथा चिस्यान केन्द्र भवन निर्माणको लागि प्रदान गर्न मिल्ने अवस्थामा सोको प्रकृया अगाडी बढाउने सर्वसहमत निर्णय गरियो ।

ग. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तहका निर्वाचित पदाधिकारीहरुले सार्वजनिक कार्यक्रममा सरकारी खर्च गर्दा मितव्ययिता अपनाई राज्यको कोषको समुचित गर्नको लागि आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

घ. प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी विमला सुनारको छोरा विपिन सुनार जेलमा रहेको । निजको सानो छोरी रहेको र छोरीको लागि पालन पोषणको लागि रु १० हजार आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

ङ. प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ निवासी अञ्जना के.सी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत काम गर्ने क्रममा अचानक दुर्घटनामा परी खुट्टा भाचिएको साथै निजको आर्थिक अवस्था ज्यादै न्यून भई उपचार गर्न समेत नसक्ने अवस्था रहेको हुँदा निजको उपचारको लागि रु १० हजार आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

च. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको निर्माणाधिन औद्योगिकग्राम ठेक्का नं. ACRM/NCB/W/IVG/09/2078/079 Construction of Industrial Village Land Levelling and Slab Culvert को निर्माण कार्य तोकिएको म्याद भित्र सम्पन्न हुन नसक्ने भएको कोइराला निर्माण सेवाले म्याद थप गरिपाउँ भनी यस कार्यालयमा निवेदन समेत दिईएको हुँदा उक्त ठेक्का अन्तर्गतको नर्माण कार्यको लागि आवश्यक प्रकृया पुरा गरी २०८० बैशाख मसान्त सम्म म्याद थप गर्ने सर्वसहमत निर्णय गरियो ।